

**के तपाईको घर पानीले रसाएको छ ?**

**अब चिन्ता नगर्नुहोस !**

चिन्ताको समाधान Waterproofing ले गर्नें छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



# पोखरापत्र

राष्ट्रिय दैनिक

Pokharapatra National Daily



**रू. १.५ मा**

**कलर भिजिटिङ कार्ड साथै तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा**

सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २९६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० मंसिर ५ गते मंगलबार ❑ 21 Nov. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## उदाउँदो सूर्यलाई अर्घ्य दिँदै सकियो छठ

**पोखरापत्र संवाददाता**
पोखरा, ४ मंसिर



पर्यटकीय नगरी पोखरामा पनि यस बर्षको छठ पर्व धुमधामका साथ मनाइएको छ । पोखराका मुख्य गरी तीन स्थानमा धुमधामका साथ छठ पर्व मनाइएको छठ पूजा समितिहरुले जनाएको छ ।

सूर्यका भक्तहरुले सोमबार उदाउदो सूर्यलाई अर्घ्य सहितको प्रसाद चढाएसंगै यस बर्षको छठ पर्वलाई विदाई गर्नू भएको हो । आइतबार साँझ अस्ताउदो सूर्यलाई अर्घ सहितको मिस्ठान्न खाद्य पदार्थ सहितको फलफूल चढाउनु भएको थियो । पोखरा नदीपुरको नारायणथान मन्दिर परिसर, बैदामको केदारेश्वर महादेवमणिमन्दिरपरिसर(फेवाताल किनारा) र रिठ्ठाघाँट त्रिवेणी धाम (कालिखोला) सेतिनदी किनारामा छठ पूजा धुमधामका साथ मनाइएको हो ।

सूर्यका भक्तहरुलाई छठ पर्वको अवसरमा पोखरामै सहज ढंगबाट पूजा गर्ने वातावरण सृजना गर्न पोखराका मुख्य तीन ठाउँमा छठ पूजा समितिले सरसफाई देखि आन्तरिक व्यबस्थापन गरेको नारायणथान मन्दिर स्थित छठ पूजा समितिका अध्यक्ष विनोद गुप्ताले बताउनु भयो । उहाँका अनुसार यस बर्ष पोखरा क्षेत्रमै धुमधामका साथ छठ पर्व मनाइएको छ । करिब ५ सय जनालाई पूजा आज गर्न मिल्ने गरी आन्तरिक व्यबस्थापन गरेको उहाँको भनाई छ ।

केदारेश्वर महादेवमणि क्षेत्रमा आइतबार धुमधामका साथ छठ पर्व मनाइएको एन.बी.व्यवसायी छठ पूजा समितिका अध्यक्ष विश्राम कुशवाहाले बताउनु भयो । पोखरा क्षेत्रका सुर्यका भक्तहरुलाई सहज ढंगले पूजा आज गर्ने गरी आफुहरुले टेण्ट सहितको छठ घाँटको व्यस्थापन गरेको उहाँले जनाउनु भयो । केही दिन अघि देखि उक्त क्षेत्रमा सरसफाईसंगै छठ पुजा स्थलमा रंगरोगन सहित झकिझकाउ पारिएको अध्यक्ष कुशवाहाले बताउनु भयो । त्यसै गरी विगत दुई दशक भन्दा लामो समय देखि तराई मुलका नेपालीहरुले पोखराका विभिन्न ठाँउमा छठ पूजा मनाउन थाल्नु भएसंगै तराई तथा मधेशमा गएर छठ पर्व मनाउनेहरुलाई यही रोकेको सुर्यका भक्तहरुले बताउनु हुन्छ । पोखरामा पछिल्ला बर्ष देखि मधेषि, तराई तथा केहि पहाडी मुलका मानिसहरुले समेत छठ पर्व मनाउन थालेको एन बी व्यवसायी समिति कास्कीका पूर्व अध्यक्ष भूनेश कुमारले बताउनु भयो । यस बर्ष केदारेश्वरमा २५ जना पहाडी मुलका व्यक्तिहरुले छठ पूजाको व्रत बसि पूजा गर्नु भएको उहाँको भनाई थियो । पोखरा राष्ट्र बैंक चोक निवासि गंगा कुंवर थापाले यस बर्ष पनि छठ पूजा धुमधामका साथ मनाउनु भएको हो । आफ्नो मनोकाक्षा पूरा हुने धार्मिक विश्वासका साथ उक्त पर्व केही बर्ष देखि आफुले मनाउन लागेको उहाँले जनाउनु भयो । विगत ८ बर्ष देखि सेती गण्डकी र कालिखोलाको दोभान रिठ्ठाघाँट बैकुण्ठ त्रिवेणी धाम (कालिखोला) मा पनि धुमधामका साथ छठ पर्व मनाउदै आएको हरिश्चन्द्र प्रसाद कुशवाहाले बताउनु भयो । छठ पूजा समिति कालिखोलाका अध्यक्ष समेत रहनु भएको कुशवाहाले करिब एक सय जना सूर्यका भक्तहरुलाई पूजा आज गर्ने गरी आन्तरिक व्यबस्थापनमा आफुहरुले व्यबस्थापन गरेको उहाँले बताउनु भयो । छठ पर्वको पूजामा आगन्तुकहरुलाई सोमबार उदाउदो सुर्यलाई अर्घ दिए पछि ठेकुवा सहितको प्रसाद समेत वितरण गरिएको थियो । यस बर्षको छठ पर्वको मुख्य दिन (षष्ठी) आइतबार मंसिर ३ गते परेको हो जुन दीनमा सरकारले सार्वजनिक बिदा समेत दिएको थियो । सष्ठीमा अस्ताउदो सुर्यलाई अर्घ दिने गरीन्छ भने विभिन्न फलफुल, कन्दमुल,ठेकुवा, कसार लगायतका सामाग्रिको साथमा सुर्यका भक्तहरुले पूजा गर्ने गर्नु हुन्छ । छठका भक्तहरुले केराको खम्मा, उखु, अदुवा, भोगटे, सुन्तला लगायतका फलफुलका वोटहरु सजावट गर्ने गर्नु हुन्छ । सुर्यलाई भगवानको प्रतिको रुपमा पुजा गर्ने भक्तहरुले आफ्नो मनोकाक्षा पुरा हुने धार्मिक विश्वासका साथ उहाँहरु पूजा आज गर्न गर्नु हुन्छ ।

## मौलिक संस्कृतिको जगेर्नामा जोड

**पोखरापत्र संवाददाता**
पोखरा, ४ मंसिर

गण्डकी प्रदेशस्तरीय सांस्कृतिक सङ्गोष्ठीका वक्ताहरूले मौलिक संस्कृतिको जगेर्ना अपरिहार्य भएकामा जोड दिइएका छन् ।

नेपाल संस्कृत विश्वविद्यालय राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्रद्वारा आज आयोजित कार्यक्रममा उहाँहरूले स्वदेशी संस्कृतिको सम्बर्द्धनमा लाग्नुपर्नेमा जोड दिनुभएको हो । जनकविकेशरी धर्मराज-सावित्री थापा प्रतिष्ठानको स्थानीय संयोजन एवम् पोखरा प्रज्ञा-प्रतिष्ठानको सहकार्यमा आयोजित कार्यक्रममा पश्चिमा संस्कृतिको प्रभावमा हाम्रा प्राचीन मौलिक संस्कृतिहरू सङ्कटमा पर्दै गएको बताउँदै वक्ताहरूले संस्कार र संस्कृति हराउँदा मौलिक पहिचान हराउँदै गएको बताएका हुन् । पोखरा विश्वविद्यालयका उपकुलपति प्राडा प्रेमनारायण अर्यालले हाम्रा संस्कार तथा संस्कृतिहरू पाश्चात्य प्रभावका कारण सङ्कटमा पर्दै गएको बताउँदै मौलिकताको जगेर्नाका लागि यसको संरक्षणमा लाग्नु अपरिहार्य भएको बताउनुभयो । विविधतायुक्त समाज विभिन्न जातजातिका नाममा विभाजित हुन नहुने बताउँदै उहाँले विविधतामा एकता कायम गर्दै मौलिक संस्कृतिहरूको जगेर्ना गर्नुपर्नेमा जोड दिनुभयो । नेपाल संस्कृत विश्वविद्यालयका शिक्षाध्यक्ष एवम् नेपाल संस्कृत विश्वविद्यालय राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्रका अध्यक्ष प्राडा भीमप्रसाद खतिवडाले समाज सांस्कृतिक सन्तुलनले बाँधिएको बताउँदै संस्कृतिको संरक्षणले हाम्रो पहिचान जोगिने बताउनुभयो । नेपाल संस्कृत विश्वविद्यालयको राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्रले संस्कृतिलाई समाजसँग जोड्ने किसिमका कार्यक्रममा जोड दिने उहाँले बताउनुभयो ।

गण्डकी प्रज्ञा-प्रतिष्ठानका कुलपति सूर्य खड्का विखर्चीले हाम्रा भाषा, संस्कृतिलाई मार्ने अधिकार कोही कसैसँग नभएको बताउनुभयो । कला संस्कृतिको जगेर्ना राज्यको दायित्व भएको बताउँदै उहाँले यसको संरक्षणलाई राज्यले प्राथमिकतामा राख्नु आवश्यक भएको बताउनुभयो । संस्कृत विश्वविद्यालय राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्रका कार्यकारी निर्देशक डा जर्मन चौधरीले केन्द्रमार्फत बहुभाषिक, बहुसांस्कृतिक विषयको अध्ययन तथा अनुसन्धानलाई जोड दिइने बताउनुभयो ।

प्राडा माधव पोखेलले हाम्रा संस्कार तथा संस्कृतिहरू युवा पुस्तामा हस्तान्तरण हुन नसकेको बताउँदै तिनीहरूलाई जीवन्त राख्न युवापुस्तामा हस्तान्तरण हुनु आवश्यक भएकामा जोड दिनुभयो । मातृभाषा, लोक विद्या हाम्रो मौलिक पहिचान भएको बताउँदै उहाँले यसको जगेर्नाका लागि लाग्नु जरुरी रहेको बताउनुभयो ।

जनकविकेशरी धर्मराज-सावित्री थापा प्रतिष्ठानका अध्यक्ष मदनराज थापा, साहित्यकार असफल गौतम, पोखरा प्रज्ञा-प्रतिष्ठानका कुलपति पद्मराज ढकाल लगायतले संस्कार र संस्कृतिको जगेर्नाबाट हाम्रा मौलिकता एवम् पहिचानको जगेर्ना हुनेमा जोड दिनुभयो । सङ्गोष्ठीमा विभिन्न ६ वटा विषयमा कार्यपत्र प्रस्तुत हुने आयोजकले जनाएको छ ।

## कांग्रेसले भूकम्पप्रभावित क्षेत्रमा इन्जिनियरसहितको स्वयंसेवक टोली पठाउने

**पोखरापत्र संवाददाता**
पोखरा, ४ मंसिर

नेपाली कांग्रेसले भूकम्पपीडितलाई बस्ने अस्थायी टहरा तत्काल बनाउन इञ्जिनियरसहितको स्वयंसेवक टोली पठाउने भएको छ ।

कांग्रेस पदाधिकारीको आज बसेको बैठकले जाजरकोट र रुकुम पश्चिमका भूकम्पीडितलाई जाडोबाट थप प्रभावित हुन नदिन तत्काल अस्थायी टहरा बनाउनका लागि स्वयंसेवक टोली पठाउने निर्णय गरेको हो । कांग्रेस सभापति


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## माइतीघरबाट बानेश्वरसम्म निषेधित क्षेत्र घोषणा

**रासस**
काठमाडौं, ४ मंसिर

जिल्ला प्रशासन कार्यालय काठमाडौँले पद्मोदय मोडबाट सिंहदरबार पश्चिम गेट, सर्वोच्च अदालत हुँदै माइतीघर मण्डलाको चारैतर्फ र माइतीघर मण्डलाबाट बबरमहल, बिजुलीबजार पुल हुँदै नयाँ बानेश्वर चोकसम्म निषेधित क्षेत्र घोषणा गरेको छ ।

कार्यालयले सोमबार प्रेस विज्ञप्ति जारी गर्दै ४ गतेदेखि ३० दिनसम्मका लागि पाँचजनाभन्दा बढी व्यक्ति भेला भई जुलुस, प्रदर्शन, धर्ना, घेराउ, अनसन, सभाजस्ता आन्दोलन वा विरोधका कार्यक्रम गर्न प्रशासनले निषेधात्मक आदेश जारी गरेको छ ।

एक वा सोभन्दा बढी समूहद्वारा एकै मिति, समय र स्थानमा भेला भई अनसन, धर्ना, घेराउ र विरोध प्रदर्शनजस्ता कार्यक्रम आयोजना गर्दा विभिन्न समूहबीच आपसी विवाद, झैझगडा, मुठभेड एवम् भिडन्त भई शान्तिसुरक्षा भङ्ग हुन सक्ने कारणले माइतीघर मण्डलाबाट बानेश्वरसम्म निषेधित क्षेत्र घोषणा गरेको प्रमुख जिल्ला अधिकारी जीतेन्द्र बस्नेतले बताउनुभयो ।

आन्दोलन वा विरोधका कार्यक्रम गर्दा सो क्षेत्रमा रहेका सार्वजनिक सेवा प्रदायक निकायको कामकारबाही, सार्वजनिक सम्पत्ति संरक्षण एवम् सुरक्षामा प्रत्यक्ष नकारात्मक असर पर्न सक्ने र एम्बुलेन्स, दमकल तथा सार्वजनिक यातायात अवरुद्ध हुने अवस्थासमेत भएकाले प्रशासनले निषेधित क्षेत्र तोकेको प्रजिअ बस्नेतले जानकारी दिनुभयो ।


### भूकम्पको जोखिमबाट सुरक्षित बनौं

- ◆ भूकम्प जाँदा कमजोर संरचनाका कारण बढी जनधनको क्षति हुने गर्दछ ।
- ◆ घर तथा अन्य संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधी तथा बलियो बनाऔं ।
- ◆ प्राविधिकको सल्लाह लिएर मात्र सुरक्षित घर बनाऔं र पुरानो भए मर्मत सम्भार गरौं ।
- ◆ भूकम्पबाट सुरक्षित रहन आवश्यक पूर्वतयारी गरौं ।
- ◆ भूकम्प जाँदा आत्तिएर जथाभावी दौडने र भाग्ने नगरौं ।
- ◆ धैर्यतापूर्वक घर/भवन बाहिर खुला तथा सुरक्षित स्थानमा जाऔं ।
- ◆ भूकम्पमा अप्ठ्यारो परेकालाई सहयोग गरौं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


## लोकतान्त्रिक संविधान उत्कृष्ट छ : प्रदेश प्रमुख गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, ४ मंसिर

गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङले नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रले संवैधानिक प्रणालीमार्फत राज्यका हरेक तहमा समावेशी प्रतिनिधित्व गराउने हुँदा यसको रक्षा गर्नुपर्नेमा जोड दिनुभएको छ ।

पोखरा-१० रामघाटस्थित बौद्ध अर्घौं सदनको नवनिर्मित भवनको सोमबार उद्घाटन गर्दै प्रदेश प्रमुख गुरुङले नेपालको संविधानले राज्य सञ्चालनका आधारभूत कुराहरू उल्लेख गरी त्यसका आधारमा समावेशी प्रतिनिधित्व गराएकै कारण


**बाँकी अन्तिम पृष्ठमा ▶▶**



**सुपथ मूल्यमा आकर्षक छपाइ**



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# उपल्लो मुस्ताङमा पर्यटक बढे

**पोखरापत्र संवाददाता**
म्याग्दी, ४ मंसिर

अर्धनिषेधित क्षेत्रको रुपमा रहेको उपल्लो मुस्ताङको भ्रमण गर्ने पर्यटकको संख्या बढेको छ।

उपल्लो मुस्ताङमा सन् २०२३ को करिब ११ महिनाको अवधिमा तीन हजार जनाभन्दा बढी पर्यटक भित्रिएका अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना एक्यापले जनाएको छ। एक्यापको इलाका संरक्षण कार्यालय जोमसोमका प्रमुख पदमराज रेग्मीका अनुसार २०२३ को जनवरीदेखि नोबेम्वर तेस्रो सातासम्म तीन हजार तीन सय ८८ पर्यटकले उपल्लो मुस्ताङ भ्रमण गरेका छन् ।

"यसअघिका वर्षमा वार्षिक एक हजार जनाको सङ्ख्यामा विदेशी पर्यटकले भ्रमण गर्ने उपल्लो मुस्ताङमा यसपाली पर्यटक आगमन अकल्पनीय रुपमा बढेको छ", उहाँले भन्नुभयो, "सडक यातायातको सहजता, प्रचारप्रसार र प्रवर्द्धनात्मक कार्यक्रमले उपल्लो मुस्ताङमा पर्यटक आगमन बढेको हो ।"

यसवर्ष ३८ राष्ट्रका विदेशी पर्यटकले उपल्लो मुस्ताङको भ्रमण गरेको एक्याप जोमसोमका कार्यालय प्रमुख रेग्मीले बताउनुभयो । अक्टोबर महिनामा सबैभन्दा बढी आठ सय १० विदेशी पर्यटकले उपल्लो मुस्ताङ भ्रमण गरेका छन् । जनवरीमा ७ जना मात्रै विदेशी पर्यटकले भ्रमण गरेको उपल्लो मुस्ताङमा फेब्रुअरीमा २३, मार्चमा एक सय ६२, अप्रिलमा चार सय २५, मेमा सात सय १२, जुनमा एक सय ४९, जुलाईमा एक सय आठ, अगस्टमा दुई सय ७८, सेप्टेम्बरमा चार सय सात र नोभेम्बरमा १८ तारिखसम्म दुई सय सात जना विदेशी पर्यटकले भ्रमण गरेका छन् । सन् २०२१ मा छ सय दुई जना उपल्लो मुस्ताङ भ्रमणमा गएका थिए । २०२२ मा तीन हजार दुई सय १२ पर्यटक उपल्लो मुस्ताङ घुम्न गएका छन् । उपल्लो मुस्ताङ गएका विदेशी पर्यटक लोमान्थाङ गाउँपालिका-२ को छोसेरस्थित नेचुङबाट माथि जान पाउँदैनन् ।

मुस्ताङको कागबेनीदेखि मुस्ताङको उपल्लो क्षेत्रलाई सरकारले निषेधित तथा नियन्त्रित क्षेत्र घोषणा गरेको छ। उपल्लो मुस्ताङ भ्रमण गर्ने पर्यटकलाई नेपाल सरकार अध्यागमन विभागले प्रवेश शुल्क वापत पाँच सय अमेरिकी डलर रोयल्टी तिर्नुपर्ने हुन्छ।

यो शुल्क तिरेरपछि उपल्लो मुस्ताङ जाने विदेशी पर्यटकले १० दिनको प्रवेश अनुमति पाउँछन् । उपल्लो मुस्ताङ घुमेको १० दिन कटेपछि प्रतिदिन थप ५० डलरका दरले सरकारलाई रोयल्टी बुझाउनुपर्ने हुन्छ । सन् २०२३ को जनवरीदेखि नोभेम्बर १८ सम्मको उपल्लो मुस्ताङ भ्रमण गर्ने पर्यटकको तथ्याङ्कअनुसार रु २२ करोड ३६ लाख आठ हजार राजस्व सङ्कलन भएको छ । सरकारले सन् १९९२ मा उपल्लो मुस्ताङमा पर्यटकलाई भ्रमणका लागि खुला गरेको थियो ।

सबै वर्ग र आर्थिक हैसियतका पर्यटकका लागि अनुकूल हुने किसिमको शुल्क निर्धारण र प्रक्रिया बनाउन आवश्यक रहेको गण्डकी प्रदेशसभा सदस्य विकल शेरचनले बताउनुभयो । कलात्मक पहाड, उजाड मरुभूमि जस्तै भूगोल, माटोले बनाइएका घर, हिमाली जीवनशैली, पुरानो तिब्बती संस्कृति, ऐतिहासिक महत्वका दरबार, गुम्बा, छोर्तेन, कोरला नाका उपल्लो मुस्ताङका आकर्षण हुन् ।



शान्ति वाटिकामा छठ पूजाः पोखरा महानगरपालिका वडा १२ र १३ स्थित भद्रकाली मन्दिरको शान्ति वाटिका परिसरमा छठ पर्वको मुख्य दिन आइतबार साँझ सूर्यको पूजा आराधना गरि सुरु गरेका छन् । मन्दिर परिसरमा रहेको शान्ति वाटिका जलासयमा पुगी अस्ताउँदो सूर्यको पूजा आराधना गरी अर्घ दिइ छठ पर्व सुरु गरेका हुन् । सोमवार विहान उदाउँदो सूर्यलाई अर्घ दिएर समापन गरिने भद्रकाली छठ पुजा पर्व व्यवस्थापन समितिले जनाएको छ। कार्यक्रममा मधेशी समुदाय लगायत अन्य समुदायहरुको पनि बाक्लो उपस्थिति रहेको भद्रकाली मन्दिर सेवा समितिका अध्यक्ष योगेन्द्रमान श्रेष्ठले पोखरापत्रलाई वताए । फोटो- सिलिका सिग्देल

## लोकतान्त्रिक

यो व्यवस्थालाई आक्रमण हुन दिन नहुने बताउनुभयो ।" 'नेपाली जनताले पटक-पटक गर्दै आएको ऐतिहासिक जनआन्दोन, सशस्त्र संघर्ष, त्याग र बलिदानको परिणाम स्वरूप प्राप्त उपलब्धिलाई रक्षा गर्नु हामी सबैको दायित्व हो, उहाँले भन्नुभयो, "संविधानप्रति विमति राख्ने केही पक्ष पनि निर्वाचनको प्रक्रियामा सहभागी भएकाले संविधानप्रतिको स्वीकारोक्ति बढेको छ।"

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीद्वारा मुलुकमा दिगो शान्ति, सुशासन, विकास र समृद्धि प्राप्त गर्ने उद्देश्य लिइएको र यसै प्रणालीलाई आत्मसात गरी कार्यान्वयन र अभ्यासमा सबै जुट्नुपर्ने भनाइ उहाँको छ । कानुनी राज्यमा संविधानको सर्वोच्चता र विधिको शासन अनुरूप शासन सञ्चालन हुने भएकाले आमनेपालीको भविष्य यसैमा रहेको उहाँले बताउनुभयो ।

गुरुङको उद्गम थलो गण्डकी प्रदेशको राजधानी पोखरामा अवस्थित बौद्ध अर्घौं सदन गुम्बा स्थानीय बौद्ध धर्मालम्बीको धार्मिक आस्था केन्द्र बनेको बताउँदै उहाँले सदनले पूजापाठ, मृत्यु संस्कार, कर्मकाण्डका साथै बौद्ध शिक्षाको प्रवर्द्धन र विकासमा सहयोग गर्दै आएको बताउनुभयो । सङ्घीय सांसद मनबहादुर गुरुङले बौद्ध मार्गीको आस्थाको केन्द्र बौद्ध अर्घौं सदनको नवनिर्मित आधुनिक गुम्बाले मानवीय सेवामा अतुलनीय योगदान पुऱ्याएको बताउनुभयो ।

आधुनिक गुम्बा निर्माणले यसको काममा गति थपिनुको साथै उद्देश्य प्राप्त गर्न थप सहयोग पुग्ने विश्वास उहाँको छ । गुम्बामा नौ फिट अग्लो बुद्धको विशाल मूर्तिविभिन्न व्यक्ति तथा समाजसँग सहयोग सङ्कलन गरी रु १८ करोडको लागतमा निर्माण गरिएको हो ।

भित्तामा एक हजार ५० साना मूर्तिहरू रहेका छन् भने सबै मूर्तिमा सुनको जलप लगाइएको जानकारी सदनका अध्यक्ष भुवनसिं गुरुङले दिनुभयो । विसं २०३५ मा स्थापना गरिएको उक्त बौंद्ध अर्घौं सदन १४ रोपनी क्षेत्रफलमा फैलिएको छ ।

# भानु सप्लायर्सले तिऱ्यो, दुई लाख जरिवाना

**पोखरापत्र संवाददाता**
तनहुँ, ४ मंसिर

म्याद गुज्रिएको मदिरा एवं पेयपदार्थ बिक्री गरेको पाइएपछि कारबाहीमा परेको तनहुँका एक व्यवसायीले सोमबार रु दुई लाख जरिवाना बुझाएका छन् ।

व्यास नगरपालिका-३ फलफूल लाइनस्थित भानु सप्लार्यसका सञ्चालक श्रीराम खनालले जिल्ला प्रशासन कार्यालयमा सो रकम बुझाएका हुन् ।

जनगुनासा र उजुरी आएपछि सहायक प्रमुख जिल्ला अधिकारी काशीराम गैरेको नेतृत्वमा गएको टोलीले शनिबार उक्त पसलको अनुगमन गरेको थियो । अनुगमनका क्रममा करिब छ महिना म्याद गुज्रिएका सात काटुन वियर एवं पेयपदार्थ फेला परेको सहायक प्रजिअ गैरेले जानकारी दिनुभयो ।

जिल्ला प्रशासन कार्यालयले गरेको निर्णयमा चित्त नबुझे व्यवसायीले वाणिज्य विभाग काठमाडौँमा पुनरावेदन दिन सक्ने व्यवस्था रहे पनि तिर्नुपर्ने जरिवाना बुझाएर गएको गैरेले बताउनुभयो ।

वाणिज्य विभागले बजार अनुगमन कार्यमा खटिने सहायक प्रमुख जिल्ला अधिकारीलाई ठाउँको ठाउँ कारबाही गर्न सक्नेसम्मको अधिकार प्रदान गरेको हुन्छ ।

कानुनी कारबाही नहुँदासम्म उक्त सप्लार्यसमा शिलबन्दी गर्न सहायक प्रजिअ गैरेले निर्देशन दिएकाले जरिवाना बुझाएपछि पुनः पसल खुलेको छ ।

# औषधी व्यावसायीमा सन्तोषले उम्मेदवारी दिने

**पोखरापत्र संवाददाता**
पोखरा, ४ मंसिर

आगामी मंसिर ८ र ९ गते हुने नेपाल औषधी व्यवसायी संघ कास्की जिल्लाको अधिवेशनमा औषधी व्यवसायी सन्तोष पराजुलीले वरिष्ठ उपाध्यक्षम पदमा उम्मेदवारी दिएका छन् । विगत लामो समय देखि फिस्टेल



फार्मेसी प्रा लि का सञ्चालक तथा कास्की जिल्लामा विभिन्न स्थानमा विभिन्न फार्मेसी सञ्चालन समेत गर्दै आएका हुन पराजुली । सहयोगी र मिलनसार स्वभावको रुपमा परिचित नाम हो पराजुली । पराजुलीले वरिष्ठ उपाध्यक्षको पदमा पुगे भने औषधी व्यावसायीमा देखिएका समस्यालाई सहज बनाउन कोशिष गर्ने पराजुलीले भने ।

# 'सरुभक्तका मुक्तक' लोकार्पण

**पोखरापत्र संवाददाता**
पोखरा, ४ मंसिर

साहित्यकार सरुभक्तको मुक्तक सङ्ग्रह 'सरुभक्तका मुक्तक'को आइतबार पोखरामा लोकार्पण गरिएको छ।

नेपाल मुक्तक प्रतिष्ठान, बेलायत शाखाद्वारा प्रकाशित उक्त कृतिको वरिष्ठ कलाकार दुर्गा बराल 'वात्सायन'लगायतले संयुक्तरुपमा विमोचन गरेका थिए। सो अवसरमा कलाकार बरालले सरुभक्त नेपाली साहित्य जगत् को विशिष्ट प्रतिभा रहेको धारणा राख्नुभयो । उहाँले सरुभक्तको लेखनमा विचार र दर्शनको धरातल भेटिने बताउनुभयो। साहित्यकार सरुभक्तले तीसको दशकको सुरुदेखि अहिलेसम्म आफूले मुक्तक लेखिरहेको बताउनुभयो । "युवाकालदेखि नै मलगायत मेरा थुप्रै समकालीन साथीहरूको मुक्तक लेखनप्रति झुकाव थियो, २०३५ सालमा पोखरामा टिकटमा



मुक्तक कार्यक्रम गरेर अभियान सुरु गरेका थियौँ", उहाँले भन्नुभयो, "पहिले उपेक्षामा परेको मुक्तकले अहिले जुन गति लिइरहेको छ यसका पछाडि पोखरेली स्रष्टा र साहित्यप्रेमीको महत्वपूर्ण योगदान छ ।" सरुभक्तले २०३५ सालमा प्रकाशित मुक्तक सङ्ग्रह 'बन्द खामभित्र' आफ्नो पहिलो साहित्यिक कृति रहेको सुनाउनुभयो । उहाँको २०६१ सालमा 'हजार बुद्धहरू' र २०६७ मा 'प्रेम यात्रा' मुक्तक सङ्ग्रह प्रकाशित भएको थियो ।

'सरुभक्तका मुक्तक'मा पहिले प्रकाशित तीन मुक्तक कृतिसहित अप्रकाशित 'जीवन यात्रा' र 'समय यात्रा' कृतिका मुक्तक सङ्ग्रहित रहेको नेपाल मुक्तक प्रतिष्ठान, बेलायत शाखाका अध्यक्ष दुर्गाप्रसाद पोखरेलले जानकारी दिनुभयो । "सरुभक्तले तीसको दशकदेखि हालसम्म रचना गर्नुभएका मुक्तक एउटै सङ्ग्रहका रुपमा सार्वजनिक गरिएको हो", उहाँले भन्नुभयो ।

## कांग्रेसले


शेरबहादुर देउवा निवासमा बसेको बैठकले वृद्धवृद्धा र सुत्केरी भएका परिवारका लागि प्राथमिकतामा राखेर टहरा बनाउनुपर्ने सुझाव दिएको पार्टीका प्रचार विभाग प्रमुख मीन विश्वकर्माले जानकारी दिनुभयो। बैठकमा भूकम्पप्रभावित क्षेत्रको स्थलगत अवलोकनपछि हालै फर्कनुभएका कांग्रेस उपसभापति तथा उप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्का र पार्टीका महामन्त्री गगनकुमार थापाले प्रभावित क्षेत्रको बस्तुस्थितिबारे जानकारी गराउनुभएको थियो । कांग्रेसले सो क्षेत्रमा तत्काल टहरा बनाउनका लागि जनशक्ति कमी देखिने भएपछि पार्टीमा आबद्ध इञ्जिनियर, ओभरसियर, नेपाल विद्यार्थी सङ्घ र नेपाल तरुण दल सम्मिलित संयुक्त टोली पठाउने प्रचार विभाग प्रमुख विश्वकर्माले बताउनुभयो । कांग्रेसले तत्काल १०/१० जना रहेको २५ टोली प्रभावित क्षेत्रमा तत्काल पठाउने जनाएको छ।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्युरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# सडक सुरक्षामा ध्यान देऊ

नेपालमा सडक दुर्घटनाको डरलाग्दो अवस्था छासवारीसाधनको रुपमा सार्वजनिक यातायात झन जोखिमपूर्ण छ । सार्वजनिक यातायातको यात्रा यमपुरीको यात्रा जस्तो भएको छ। दुर्घटनामा प्रत्येक वर्ष नेपालमा दुई हजार आठ सय ८० जनाको ज्यान गइरहेको छ। सडक दुर्घटनामा परेर प्रत्येक वर्ष १४ हजार ४ सयको हाराहारीमा घाइते भइरहेका छन् । दसैं तथा चाडपर्वका समय सडक दुर्घटनामा वृद्धि हुने गरेको छ। सडक दुर्घटनाका कारणहरु धेरै प्रकार छन् । भौतिक कारणमा पर्याप्त सडक पूर्वाधार नहुनु, मापदण्डविपरीत प्रविधिविहीन सडक र अत्यधिक सवारीसाधनको चाप सडक दुर्घटनाको कारण बनेको छ ।

मानवीयअन्तर्गत चालक, पैदलयात्री तथा सडक उपभोक्ताहरु पर्दछन् । सडक प्रयोग गर्दा उनीहरुसँग हुनु पर्ने चेतना, ज्ञान, सीप र अनुभवहरुका कारण सडक दुर्घटना निम्तिने गर्दछ । यान्त्रिक कारणमा सुरक्षित यात्राका लागि सवारीसाधन उपयुक्त हुनु पर्दछ। अवस्था राम्रो हुनु पर्दछ । यान्त्रिक रुपमा सवारीसाधन ठिक हुनु आवश्यक छ । बाहिर गाडी टल्काउने भित्रको अवस्था कस्तो छ भनेर नहेर्दा बाटोमा यात्रु अलपत्र पर्ने गरेका छन ।

पर्यावरणीय कारण स् कुनै वस्तु, विषय, व्यक्ति आदिको स्थिति वा वातावरण पनि दुर्घटनाको कारण हो। साथै हावा, पानी, आँधिहुरी, बाढी, पहिरो हुस्सु, कुहिरो आदिका कारण सडक दुर्घटना हुने गरेको छ । सडक दुर्घटना न्यूनीकरण मजदूरहरुको एकल प्रयासबाट मात्रै सम्भव छैन। चालक गैरजिम्मेवार हुन मिल्दैन। सडक दुर्घटनाको सामाजिक, आर्थिक र मानवीय असरलाई छुट्टयाउन सक्नुपर्छ । दिनहुँजसो सडक दुर्घटनमा ज्यान गएको, घाइते तथा अङ्गभङ्ग भएका खबरहरु आइरहेका छन् । दसैं तिहार छठ लगायतका चाडपर्वको समय यात्रुहरुको चाप उच्च भएसँगै सवारीसाधनको संख्या र आवागमन पनि वृद्धि हुनु स्वभाविक हो । सिमित सडक पूर्वाधार, बढ्दो यात्रुको चाप र सवारीसाधनको अविश्राम आवतजावतले सडक दुर्घटना निम्तिने गरेको तथ्यले देखाएको छ ।

सार्वजनिक यातायात क्षेत्रका लागि चाडपर्व एउटा अवसर हो। अरु समय यात्रुको चाप हुँदैन, नियमित सवारीसाधन गुडाउन पाइदैन। चाडपर्वको समय निरन्तर यात्रु ओसारपसार भइरहने हुँदा सवारीसाधनको नियमित चेकजाँच गरिदैन/ हुँदैन। अविश्राम काम गरिरहँदा चालक थाकेका हुन्छन् । थकान, तनाव, हतारो, यान्त्रिक गडबडी, सीमित सडक पूर्वाधार र सवारीसाधनको अधिक चापले सडक दुर्घटना हुने गरेको छ । सडक दुर्घटना न्यूनीकरण देशको चासोको विषय हो, सबैको सरोकारको विषय हो । तीव्र गति, जीवनको क्षति भन्ने कुरा बिर्सनु हुँदैन । तीव्र गतिकै कारण सडक दुर्घटना बढिरहेको तथ्यले देखाएको छ । केही समय ढिला भएपनि धैर्य गर्ने, तीव्र गतिमा सवारी नचलाउने ढिला गए अवश्य पुगिन्छ, हतार गरे भन्न सकिन्न भन्ने उखानलाई सम्झिनुपर्छ। सरकारले नियमनको काम जनताको लागि हो भन्ने बुझ्नु जरुरी छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : कार्यमा सफलता |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : झमेला बड्ने | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# ग्रामीण सडकले मौलिक सम्पदा नासिदै

पोखरापत्र संवाददाता
बागलुङ, ४ मंसिर

पछिल्लो सडक नपुगेको गाउँ छैन । बस्ती छैन । एक दशक अगाडिसम्म सुनसान रहेका गाउँबस्तीमा अहिले गाडी गुड्छन् । दैनिक नगुडे पनि कहिलेकाहीँ समान ओसारपसार गर्ने गर्छन्। गाउँमा पुगेका ती सडक कुनै पनि वैज्ञानिक छैनन् । डोजर चालक र सहचालकले नापेका भरमा अधिकांश सडक निर्माण भएका छन् ।

बिना इञ्जिनीयरिङ निर्माण भएका ती सडक हिउँदमा त चल्छन् तर बर्खामा पूर्ण रुपमा ठप्प हुन्छ । गाउँ, बस्ती र पर्यावरणको ख्याल नगरी निर्माण भएका सडकले सयौंको घरबास उजाडी दिएको छ । बागलुङका थुप्रै गाउँ पहिराको उच्च जोखिममा छन् । बर्खा लाग्ना साथ उनीहरु घर छोडेर टाढा जानुपर्ने अवस्था छ।

ग्रामीण सडकले बस्ती त जोखिममा पाऱ्यो नै त्योसँगै मौलिक सम्पदासमेत नष्ट गरेको पाइन्छ । पहिले गाउँका हरेक डाँडा, भन्ज्याङ र बाटो छेउमा चौतारा, धर्मशाला र देउराली हुन्थे । तर ती सम्पदा हिजोआज देख्न पाइँदैन । विकासका नाममा भएको ‘डोजरे विकास’ले सबै सम्पदा नष्ट गरिदिएको छ। भरिया, स्थानीयवासीले थकाइ मेटाउने चौतारा, बटुवाले बास बस्ने पाटीपौवा र धर्मशालाको अस्तित्वनै समाप्त भएको छ । सडकले हप्ता दिन लगाएर पुग्ने गन्तव्य त छोटाई दियो र मौलिक सम्पदाको पहिचान भने मेटाइ दियो । बागलुङको सबैभन्दा दुर्गम मानिने तमानखोला, ढोरपाटन र निसीखोलाबाट जिल्ला सदरमुकाम आउँदा बाटोका दर्जनौं स्थानमा बर पिपलका चौतारा, ढुङ्गेधारा र धर्मशाला भेटिन्थे सडक निर्माण क्रममा ती सबै पुरिए । गाउँ-गाउँबाट एकै दिनमा सदरमुकाम आउन नसकिने र अहिलेको जस्तो ठाउँ-ठाउँमा बास बस्ने होटल हुँदा आफूहरु धर्मशालामा बास बस्ने गरेको ढोरपाटनका ८७ वर्षीय मकरबहादुर पुनले बताउनुभयो । पहिले हप्ता दिन हिँडेर बागलुङ बजार आइपुग्ने जनाउँदै अहिले चार घण्टामै आउन सकिने भएको उहाँको भनाइ छ । गाउँमा कुनै पनि सरकारी काम नहुने हुँदा जिल्ला सदरमुकाममै आउनु परेको स्मरण गर्दै अहिले सबै काम गाउँमा हुन थालेको उहाँको भनाइ छ । गाउँमा सडक आएपछि धेरै सहज भए पनि मौलिक सम्पदा संरक्षण गर्न तर्फ कसैको ध्यान नगएको उहाँको गुनासो छ।

मौलिक सम्पदा पहिचान भएको भन्दै पछिल्लो समय त्यो पहिचान सङ्कटमा पर्दै गएको पुनको भनाइ छ। “गाउँमा सडक आयो धेरै राम्रो भयो, हामीहरुले धेरै दुःख पाएका थियौं, यसरी विकास होला भन्ने कल्पना पनि गर्न सकेका थिएनौं, तर हाम्रो सम्पदा यसरी मेटिएलान् भन्ने पनि थाहा थिएन, हाम्रा पालामा बर पिपल रोप्ने, चौपारी बनाउने, धर्मशाला, पाटी पौवा बनाउने चलन थियो, त्यो चलन अहिले छैन,” उहाँले भन्नुभयो“नयाँ पुस्ताले बनाउनुको सट्टा संरक्षण पनि गर्न सकेनन्, अहिले कहींकतै भेटिदैनन्, उति बेला हामीहरुले बनाएका चौपारी, बास बस्ने पौवा, टाढा जानु पर्दा अहिलेको जस्तो गाडी हुँदैनथ्ये, हिँडरै पुग्नुपर्थ्यो, बास बस्नका लागि होटल हुँदैनथ्ये, त्यही पाटी पौवामा बस्नुपर्थ्यो, अहिले त होटल बने, विकास भए पनि मौलिक सम्पदाको संरक्षण गर्नुपर्थ्यो ।” स्थानीय वीरबहादुर बुढा मगरले बाउबाजेले बर पिपल रोपेर चौपारी बनाउँदा पुण्य कमाइने मान्यता राखेको र आफूहरुले पनि त्यस्तै गर्दै आएको भए पनि अहिले त्यो चलन हराएको बताउनुभयो । गाउँका हरेक पाका पुराना मान्छेले अहिले पनि त्यो चलनलाई निरन्तरता दिए पनि नयाँमा त्यो सोँचनै नभएको उहाँको भनाइ छ । तीन वर्ष अगाडिसम्म आफ्नो गाउँको विभिन्न ठाउँमा ११ वटा चौपारी र चार वटा सार्वजनिक ढुङ्गे धारा रहेकोमा अहिले सबै सडकले पुरिदिएको बताउनुभयो । सडक निर्माण गर्दा आफूले संरक्षण गर्न बने पनि कसैले नसुनेको बुढा मगरले गुनासो गर्नुभयो ।

उहाँ भन्नुहुन्छ “अहिलेका पुस्तालाई विकास चाहिएको छ, घर-घरमा सडक चाहियो, धारा चाहियो, सबैथोक चाहियो, तर सार्वजनिक ठाउँमा भएको सबै विनाश गर्ने परिपाटी भयो, बर पिपल लगाउनु त राम्रो कुरा हो नि, पाटी पौवा पनि राम्रो हो, मान्छे स्वार्थी बने, धर्मकर्म मान्न छोडे, विकासका नाममा सबै विनाश गर्न थाले, हामीहरुले बटुवाका लागि पानी खान कुवा संरक्षण गऱ्यौं, ढुङ्गे धारो बनायौं, अहिले त सबै धत्काई दिए।”तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढा मगरले पूर्वाधार निर्माण गर्दा मौलाक सम्पदालाई संरक्षण हुने गरी काम गरिरहेको बताउनुभयो।

अहिले पनि तमान खोलाका ठाउँ-ठाउँमा वर्षौं पुराना मौलिक सम्पदा रहेको भन्दै गाउँपालिकाले पनि तिनीहरुको संरक्षणमा जोड दिएको अध्यक्ष बुढा मगर बताउनुहुन्छ । आधुनिकतालाई अगाल्नुका साथै मौलिक सम्पदाको प्रवर्द्धन र संरक्षण आवश्यक रहेको उहाँको भनाइ छ । गाउँपालिकाले पुराना मौलिक सम्पदाको पुनःनिर्माणमा समेत ध्यान दिएको बुढा मगरले बताउनुभयो ।

# असहाय, अनाथ र अशक्तलाई सम्बोधन गर्ने कानुन तर्जुमा गरिन्छ : प्रधानमन्त्री

रासस
काठमाडौं, ४ मंसिर

प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले बेवारिसे, असहाय, अनाथ, अशक्त, जोखिममा परेका सहयोगापेक्षी सडक आश्रित मानवको समुचित व्यवस्थापन गर्न कानुन तर्जुमा गर्ने बताउनुभएको छ । उहाँले सङ्घीय संसद्को आगामी अधिवेशनमा सरकारले सो सम्बन्धी विधेयक तयार गरी पेस गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

मानव सेवा आश्रमले आज यहाँ आयोजना गरेको ‘मेची महाकाली राष्ट्रिय उद्धार यात्रा २०८०’को समापन समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले अनाथ, अशक्त, जोखिममा परेका नागरिकको संरक्षणका लागि कानुन नै बनाएर कार्यान्वयन गरिने बताउनुभयो ।

यस्तै, सङ्घ, प्रदेश र स्थानीय सरकारले सहयोगापेक्षी सडक मानव व्यवस्थापन गर्न आ-आफ्नो तहबाट कार्यक्रम तथा बजेट विनियोजन गर्न आवश्यक पहल तथा समन्वय गर्ने प्रधानमन्त्री दाहालले विश्वास दिलाउनुभयो। मानव सेवा आश्रमलाई सरकारी तथा सार्वजनिक जग्गा, भवनको प्रयोग तथा संरचना निर्माण, उद्धार वाहनलगायत अत्यावश्यक सेवामा आवश्यक सहयोग गर्न नेपाल सरकार प्रतिबद्ध रहेको प्रधानमन्त्री प्रचण्डले बताउनुभयो । प्रधानमन्त्रीले भन्नुभयो, “सहयोगापेक्षी सडकआश्रित मानवमुक्त राष्ट्र नेपाल निर्माण गर्न तथा सरकारले घोषणा गरेको नीतिको प्रभावकारी कार्यान्वयन गर्न एक महिनाभित्र नेपाल सरकारको मन्त्रिपरिषद्बाट निश्चित कार्ययोजना स्वीकृत गरी अघि बढ्ने गरी पहल लिने विश्वास दिलाउँछु।”

मानव सेवाको भावनाद्वारा ओतप्रोत भई आश्रमले निर्वाह गरेको भूमिकाको उच्च सम्मान गर्दै प्रधानमन्त्री दाहालले यस महाअभियानको सफलताको कामना गर्नुभयो । सातवटै प्रदेशमा आफ्नो शाखा तथा सेवा केन्द्रहरू सञ्चालन गरी खुला आकाशमुनि रहेका सात हजारभन्दा बढी सहयोगापेक्षी सडकआश्रित मानवहरूको उद्धार, उपचार, पालनपोषण तथा परिवार भेटिएका वा भेटिन सम्भव नभएकाको परिवारको खोजी गरी परिवारमा पुनर्मिलन गराएको प्रधानमन्त्रीको भनाइ छ । यस्तै, आश्रममा उद्धार, उपचार, गाँसबासको प्रबन्ध गर्दै देशलाई नै सडक मानवमुक्त नेपाल घोषणा गर्ने आश्रमको आकाङ्क्षा, सङ्कल्प र पहललाई प्रधानमन्त्रीले सम्मान व्यक्त गर्नुभयो । “मुठ्ठीदान, जन्मदिन, विवाह वर्षगाँठ, उत्सव, वार्षिकोत्सव, पदोन्नति, विभिन्न पर्व र मानव सेवाको भावनाद्वारा ओतप्रोत जनसमुदायको सहयोगबाट देशैभरि यति धेरै संरचना, सहयोगापेक्षी नागरिकको उद्धार, उपचार र जीविकोपार्जन र अभियन्ता परिचालन गर्नुभएको जानकारी पाउँदा म निकै हर्षित भएको छु,” प्रधानमन्त्रीले भन्नुभयो। राज्यले नै गर्नुपर्ने यस प्रकारको महत्त्वपूर्ण अभियान र जिम्मेवारी बहनका लागि यस अभियानमा संलग्नलाई आभार व्यक्त गर्दै प्रधानमन्त्रीले यो अभियानमा सरकार साथमा रहेको विश्वास दिलाउनुभयो ।

“यति कष्टसाध्य काम पनि खुला हृदयका साथ, निरन्तर र अविचलित रूपमा सञ्चालन गर्नुभएको कुरा हामी सबैका निम्ति थप प्रेरणादायी छ। यस सन्दर्भमा महाअभियानमा अविचलित रूपमा क्रियाशील हुनका लागिसमेत सबै अभियन्ताहरूमा विशेष अपिल गर्दछु,” प्रधानमन्त्रीले भन्नुभयो।

कार्यक्रममा उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठ, नेकपा (एमाले)का उपाध्यक्ष विष्णु पौडेल, गायिका आनी छोइङ डोल्मा, हास्यकलाकार मनोज गजुरेल लगायतको उपस्थिति थियो ।

गत असोज २६ गतेदेखि यही ३ गतेसम्म भएको मेची महाकाली राष्ट्रिय उद्धार यात्रा देशका प्रमुख सहरहरूमा सञ्चालन गरिएको कार्यक्रममा जानकारी दिइएको थियो । अभियानका क्रममा तीन सय सहयोगापेक्षी सडक आश्रित मानको उद्धार गरी उनीहरूको मानवोचित व्यवस्थापन गरिएको थियो ।

# ‘बुकी कप’ भलिबल प्रतियोगिता पुसमा

पोखरापत्र संवाददाता
बागलुङ, ४ मंसिर

राष्ट्रियस्तरको ‘बुकी कप’ भलिबल प्रतियोगिता आगामी पुस आठदेखि १५ गतेसम्म बागलुङको गलकोटमा आयोजना हुने भएको छ । पोखराको हिमालयन म्यूजिकल इभेन्ट म्यानेजमेन्ट एण्ड फिल्मसद्धारा आयोजित सो प्रतियोगितामा तीन विभागीयसहित छ टिमको सहभागिता रहने जनाइएको छ।

प्रतियोगिताका संयोजक मोहन केसीका अनुसार त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, नेपाल एपिएफ क्लब, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र गलकोट नगरपालिकाको टिमले उक्त प्रतियोगितामा भाग लिनेछन् । पहिलोपटक आयोजित प्रतियोगितामा प्रथम हुनेले नगद रु पाँच लाख, दोस्रो हुनेले रु दुई लाख ५० हजार र तेस्रो हुनेले रु एक लाख २५ हजार पुरस्कार पाउने उहाँले जानकारी दिनुभयो । यस्तै प्रतियोगिताको उत्कृष्ट खेलाडीलाई रु २० हजार, उत्कृष्ट टिम प्रशिक्षकलाई रु दस हजार, उत्कृष्ट सेटरलाई रु छ हजार, उत्कृष्ट स्पाइकरलाई रु छ हजार, उत्कृष्ट ब्लकरलाई रु छ हजार, उत्कृष्ट डिफेन्डरलाई रु छ हजार, उत्कृष्ट सर्भरलाई रु छ हजार र म्यान अफ द म्याच घोषित हुने खेलाडीलाई नगद रु दुई हजार प्रदान गरिने संयोजक केसीले बताउनुभयो ।

गलकोट नगरपालिका र गलकोट नगर खेलकुद विकास समितिसँगको समन्वय तथा नेपाल भलिबल संघ, गण्डकी प्रदेश भलिबल संघ, जिल्ला भलिबल संघ बागलुङ, गलकोट उद्योग वाणिज्य संघ र नगर भलिबल संघ गलकोटसँगको सहकार्यमा प्रतियोगिता आयोजना गर्न लागिएको उहाँको भनाइ छ । प्रतियोगिता गलकोट नगरपालिका-६ स्थित मजुवाफाँटमा सञ्चालन हुनेछ। सोही अवसरमा साङ्गीतिक कार्यक्रम, नृत्य प्रतियोगिता ‘ गलकोट डान्स आइडल’, रमाइलो मेलालगायत सञ्चालन हुने आयोजकले जनाएको छ । प्रतियोगिता अवधिभर नेपाली सङ्गीत क्षेत्रका विभिन्न कलाकार हरुको प्रस्तुती रहने संयोजक केसीले उल्लेख गर्नुभयो ।

“धवलागिरि क्षेत्रमै पहिलोपटक सर्वाधिक राशिको भलिबल प्रतियोगिता हुँदैछ, खेल पर्यटनका माध्यमबाट गलकोटलाई थप चिनाउन यो प्रतियोगिता सहयोगी बन्नेछ”, उहाँले भन्नुभयो, “पहिलो दिनको खेलमा दर्शकलाई निःशुल्क प्रवेश दिइनेछ, त्यसपछिका खेल अवलोकनका लागि टिकट शुल्क तोक्नेछौं।”

# पर्यटनमा थपिँदै उत्साह, पर्यटकसँगै बढ्यो आम्दानी

रासस
पोखरा, ४ मंसिर

गत शुक्रबार र शनिबार पदयात्राका लागि घान्द्रुक र सिक्लेस पुगेका पर्यटकको व्यवस्थापन गर्न पर्यटन व्यवसायीलाई हम्मेहम्मे पऱ्यो । एकैदिन दुई हजारभन्दा बढी आन्तरिक र बाह्य पर्यटक पुगेपछि उनीहरूलाई सुताउन र खाना खुवाउन व्यवसायीहरू २४सैं घण्टा व्यस्त भएको घान्द्रुक पर्यटन व्यवस्थापन समितिका अध्यक्ष बिक्रम गुरुङले सुनाउनुभयो ।

अन्नपूर्ण क्षेत्र पनि यतिबेला चलायमान बनेको छ। त्यस क्षेत्रमा कात्तिकयता २४ हजार पर्यटक पुगेका छन् । पर्यटकको सङ्ख्या अत्यधिक हुँदा लामो समयपछि पदमार्गमा आश्रित पर्यटन व्यवसायीको व्यस्तता पनि बढेको छ । यसरी घुम्न आउनेमा दक्षिण एसियाली मुलुकका सात हजार चार सय ७९ र अन्य १६ हजार नौ सय ३० पर्यटक छन् । अन्नपूर्ण संरक्षण क्षेत्र ‘एक्याप’का प्रमुख डा रविन कडरियाका अनुसार २०८० साल सुरु भएयता वैशाख र असोजपछि कात्तिकमा सबैभन्दा बढी पर्यटक ‘एक्याप’ पुगेका छन् ।

दसैं र तिहार मनाएर पहाड र हिमाल छिचोल्दै रम्नेहरूको सङ्ख्या पछिल्लो समय बढ्न थालेको छ । कुनै समय अधिक मात्रामा विदेशी पर्यटकहरू ‘ब्यागप्याक’ बोकेर हिमाल हेर्न पुग्ने गरेको भए पनि पछिल्लो समय आन्तरिक पर्यटकहरूको चहलपहलले त्यस्ता क्षेत्रमा पर्यटनको सम्भावना बढाएको छ । तिहार लगत्तै पर्यटकीय नगरी पोखरा पनि पर्यटकले भरिएको छ। काठमाडौं-पोखरा रुटमा एयरलाइन्सको टिकट पाउन मुस्किल छ।

बङ्गलादेश, भियतनाम, चीन र भारतलगायत मुलुकबाट विमान चार्टर्ड गरी पर्यटक आउने क्रम बढेकाले कोरोना महामारीपछि मुलुकको पर्यटन क्षेत्रमा उत्साह थपिएको जानकारहरू बताउँछन् । नेपालको पर्यटन क्षेत्रबारे पछिल्लो समय अन्तर्राष्ट्रिय क्षेत्रमा पनि चर्चा हुन थालेको, विशिष्ट पाहुनाको नेपाल भ्रमण, अन्तर्राष्ट्रिय सभा तथा सम्मेलनले पनि नेपालको पर्यटन क्षेत्रमा थप टेवा पुगेको छ।

तनहुँको मानुङकोट र बन्दीपुरमा पर्यटकको सङ्ख्या बढ्दा त्यस क्षेत्रको आर्थिक गतिविधि बढेको छ भने यसले व्यवसायीको सक्रियता पनि बढाएको छ । मानुङकोटमा अहिले दैनिक एक हजारभन्दा बढी पर्यटक पुगेका छन् भने बन्दीपुरमा पछिल्लो समय २६ वटा देशका पर्यटक भित्रिँदा होटल भरिभराउ भएका छन्।

उसो त यो याम नेपालको पर्यटन क्षेत्रका लागि अनुकुल मानिन्छ। दसैं, तिहार र छठ पर्वको माहोलले पर्यटकीय गतिविधि पनि बढाएको छ । यसबाट मुलुकको अर्थतन्त्रमा समेत सकारात्मक प्रभाव पर्ने व्यवसायीको बुझाइ छ।

होटल सङ्घ नेपाल (हान)का अध्यक्ष विनायक शाहले समग्ररूपमा पर्यटन क्षेत्रमा उत्साहजनक रहेको बताउनुभयो । “पर्यटन क्षेत्रमा चहलपहल बढेको छ । पर्यटक आगमनको आँकडा पनि उत्साहवर्द्धक छ, योभन्दा धेरै पर्यटकलाई सेवा दिन पूर्वाधार तयार भइसकेको छ”, उहाँले भन्नुभयो ।

पछिल्लो समय होटलका रुमको सङ्ख्या ढेका छन् । तारे होटल, केबलकारलगायतका पूर्वाधारमा खर्बौं लगानी भएका छ । यद्यपि ‘सप्लाइ’को तुलनामा माग कम भएकाले यो क्षेत्रलाई थप गतिशिल बनाउन नसकिएको अध्यक्ष शाहको भनाइ छ। उहाँले भन्नुभयो, “पर्यटकीय पूर्वाधारमा लगानी धेरै भइसक्यो । लगानीको प्रतिफलका लागि व्यापार चाहिन्छ, छिमेकी मुलुक भारत र चीनबाट बढीभन्दा बढी पर्यटक ल्याउन नीतिगत र संरचनागत सुधार जरुरी छ।”

# तनहुँका नयाँ उद्योगको पुँजी एक अर्ब २५ करोड

**पोखरापत्र संवाददाता**
तनहुँ, ४ मंसिर

तनहुँ जिल्लामा एक वर्षको अवधिमा थपिएका उद्योगको कूल पुँजी रू एक अर्ब २५ करोडभन्दा बढी छ । आर्थिक वर्ष २०७९/८० मा जिल्लामा छ सय तीन नयाँ उद्योग दर्ता भएकामा ती उद्योगको पुँजी रू एक अर्ब २५ करोड ५७ लाख २९ हजार पाँच सय रहेको पर्यटन तथा उद्योग कार्यालय तनहुँले जनाएको छ ।

त्यसमध्ये स्थिर पुँजी रू ६५ करोड ९५ लाख ७९ हजार पाँच सय र चालु पुँजी रू ५९ करोड ६१ लाख ५० हजार रहेको कार्यालयका प्रमुख दुर्गाराज सुवेदीले जानकारी दिनुभयो । उहाँका अनुसार दर्ता भएका उद्योगमा चार सय पाँच महिला र दुई सय २३ पुरुष गरी छ सय २८ जनाले रोजगारी पाएका छन् । त्यस्तै तीन सय ९२ महिला र दुई सय ७४ पुरुष गरी छ सय ६६ उद्यमी बनेका कार्यालयले जनाएको छ । उक्त अवधिमा ५० उत्पादनमूलक उद्योग दर्ता भएकामा रू १४ करोड ९८ लाख, तीन सय १८ कृषि तथा वन पैदावरमा आधारित उद्योग दर्ता भएकामा रू ८३ करोड छ लाख ७९ हजार पाँच सय, एक सय १९ पर्यटन उद्योग दर्ता भएकामा रू १२ करोड ६९ लाख ५० हजार, एक सय १० सेवामूलक उद्योग दर्ता भएकामा रू १३ करोड तीन लाख, तीन पूर्वाधार उद्योग दर्ता भएकामा रू एक करोड ५० लाख र तीन सूचना तथा सञ्चार प्रविधिमा आधारित उद्योग दर्ता भएकामा रू ३० लाख पुँजी रहेको प्रमुख सुवेदीले जानकारी दिनुभयो ।

कार्यालयका अनुसार उत्पादनमूलक उद्योगमा ६०, कृषि तथा वन पैदावरमा आधारित उद्योगमा तीन सय २५, पर्यटन उद्योगमा एक सय ३२, सेवामूलक उद्योगमा ९८, पूर्वाधार उद्योगमा छ र सूचना तथा सञ्चार प्रविधिमा आधारित उद्योगमा सात जनाले रोजगारी पाएका छन् । ती उद्योगको वार्षिक उत्पादन क्षमता रू एक अर्ब २० करोड ४४ लाख १४ हजार एक रहेको कार्यालय प्रमुख सुवेदीको भनाइ छ । कार्यालयले उद्योग दर्ताबापत रू १२ लाख २७ हजार नौ सय राजस्व सङ्कलन गरेको छ । उत्पादनमूलकतर्फ रू एक लाख २१ हजार, कृषि तथा वन पैदावरमा आधारित उद्योगतर्फ रू सात लाख १६ हजार नौ सय, पर्यटनतर्फ रू एक लाख ७० हजार, सेवातर्फ रू एक लाख ८५ हजार, पूर्वाधारतर्फ रू १५ हजार र सूचना तथा सञ्चार प्रविधिमा आधारिततर्फ रू २० हजार राजस्व सङ्कलन भएको कार्यालयका प्रमुख सुवेदीले जानकारी दिनुभयो ।

कार्यालयमा उक्त वर्ष उद्योग दर्ता घटे पनि कृषि तथा वन पैदावरमा आधारित उद्योगमा भने आकर्षण बढेको छ । देशको पछिल्लो आर्थिक अवस्थाको असरका कारण उद्योग स्थापना गर्नेक्रम घटेको हुनसक्ने कार्यालय प्रमुख सुवेदीको भनाइ छ ।

आर्थिक वर्ष २०७८/७९ मा जिल्लामा एक हजार चार सय १४ उद्योग दर्ता भएका उहाँले बताउनुभयो । आव २०७९/८० मा जिल्लामा सबैभन्दा बढी कृषि तथा वन पैदावरतर्फ तीन सय १८ उद्योग दर्ता भएका सुवेदीले जानकारी दिनुभयो । उहाँका अनुसार आव २०७९/८० मा वाणिज्यतर्फ नौ सय ९८ फर्म दर्ता भएका छन् भने एक हजार ७२ नवीकरण, २५ नामसारी, छ ठाउँसारी, एक सय ६४ को पुँजीवृद्धि, २२ को नाम परिवर्तन, ६३ को उद्देश्य थप भएका छन् ।

जिल्लामा दर्ता हुने उद्योगमध्ये कृषि तथा वन पैदावरतर्फ धेरै हुने गर्दछ । कृषि उद्योगतर्फ युवाको आकर्षण बढेकाले यसतर्फ धेरै उद्योग दर्ता भएको प्रमुख सुवेदीको भनाइ छ । उहाँले भन्नुभयो, "वैदेशिक रोजगारीबाट फर्किएका युवा पशुपालनतर्फ आकर्षित भएका छन् । यसले गर्दा कृषि तथा वन पैदावरमा आधारित उद्योग दर्ता बढेको छ ।" उहाँका अनुसार कृषि तथा वनजन्यतर्फ दुग्ध डेरी, गाईपालन, बाख्रापालन, कुखुरापालन, मौरीपालन, माछापालन, तरकारीखेतीतर्फ आकर्षण बढ्दो छ ।

गत आव २०७८/७९ मा जिल्लामा एक हजार चार सय १४ उद्योग दर्ता भएको थियो । त्यसमध्ये उत्पादनमूलक एक सय छ, कृषि तथा वन पैदावरमा आधारित आठ सय १०, पर्यटनतर्फ दुई सय ५६, सेवातर्फ दुई सय ३८ र सूचना प्रविधिमा आधारित चार उद्योग रहेका कार्यालयले जनाएको छ । आव २०७७/७८ मा दुई हजार एक उद्योग दर्ता भएको थियो ।

# समाजसेवी दुर्गा गुरुङ "मिलन"को जन्मदिनमा फोनिज गण्डकीलाई सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, ४ मंसिर

पर्वतको मोदी गाउँपालिका-५ बाजुङमा जन्मिएर हाल हङकङमा बस्दै आएका समाजसेवी दुर्गा गुरुङ 'मिलन' ले ६ लाख रुपैयाँ राशिका पाँच वटा अक्षयकोष स्थापना गर्नुभएको छ ।



जन्मदिन बाहेकको समयमा पनि केही न केही सामाजिक सेवा गर्दै आएका उहाँले आफ्नो हरेक जन्मदिनमा नबिराई केही न केही सामाजिक काम गर्दै आउनुभएको छ । यस पटकको ५७ औँ जन्मोत्सवमा भने उहाँले एकै दिनमा हालसम्मकै ठूलो धनराशि सामाजिक सेवाका लागि खर्चिनुभएको हो ।

मोदी गाउँपालिका-५, मोदीखेतस्थित लालटिन रिसोर्टमा शनिबार उहाँ संस्थापक संरक्षक रहेको संस्था मिलन फाउण्डेशन नेपालको तर्फबाट आयोजना गरिएको एक कार्यक्रममा अक्षयकोषसहित आर्थिक सहयोग गरिएको हो । समाजसेवी गुरुङ हाल हङकङमा नै रहेको भएपनि उहाँ संरक्षक रहेको संस्थाले उहाँबाट प्राप्त भएको रकमबाट ती अक्षयकोष स्थापना गरेको हो । समाजसेवी गुरुङको सक्रियतामा कृषकहरूको समूहदेखि नौमती बाजाको संरक्षणको लागि पनि समूह निर्माण गरिएका छन् । फाउण्डेशनसहित अहिलेसम्म १८ वटा संस्थाहरू स्थापना भइसकेका फाउण्डेशनकी कार्यवाहक अध्यक्ष देवी गुरुङले बताउनुभयो । ती सबै संस्थाहरूलाई नियमन र सञ्चालन गर्ने गरी 'मिलन ग्रुप अफ नेपाल' नामक संस्था स्थापना गरिएको छ । सोही संस्थामा आबद्ध रहेका संस्थाहरूमध्ये सबैभन्दा बढी सक्रिय रहँदै आम नागरिकको जनजीविका चलाउन सहयोगी भूमिका निर्माण गरेका पाँच वटा संस्थाहरूमा अक्षयकोषको स्थापना गरिएको उहाँको भनाइ छ । शनिबार आयोजित कार्यक्रममा मोदी गाउँपालिका-५ बाजुङका मिलन-शील दलित कृषक समूह, मिलन बहुउद्देश्यीय महिला कृषक समूह, मिलन प्रगतिशील महिला कृषक समूह र पातीचौरमा रहेको सरस्वती माध्यमिक विद्यालयमा एक/एक लाख रुपैयाँ मूल राशि रहेको अक्षयकोष स्थापना गरिएको छ । उक्त रकम ती संस्थाका प्रमुख तथा प्रतिनिधिहरूलाई अक्षयकोषको कार्यविधिसहित हस्तान्तरण गरिएको छ । यस्तै, नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ (फोनिज), गण्डकी प्रदेशका लागि दुई लाख रुपैयाँको अक्षयकोष स्थापना गरिएको छ । उक्त रकम अध्यक्ष रूद्रबहादुर श्रीस र उपाध्यक्ष खिमा गुरुङलाई हस्तान्तरण गरिएको छ । रकम ग्रहण गर्दै अध्यक्ष श्रीसले अक्षयकोषको ब्याजबाट आउने रकमले हरेक वर्ष एक जना पत्रकारलाई नगदसहित सम्मान गरिने बताउनुभयो । गुरुङले आर्थिक सहयोग अन्तरगत विगतको सहयोगलाई निरन्तरता दिँदै सडक बालबालिकाहरूको पालनपोषण तथा संरक्षणमा काम गर्दै आइरहेको काठमाण्डौंको महिला तथा बाल विकास मञ्चलाई ५० हजार रुपैयाँ उपलब्ध गराउनुभएको छ । यस्तै, यस वर्षको तिहारमा पोखरामा मौलिक र सांस्कृतिक देउसी भैलो प्रदर्शन गरेको युवाहरूको समूहलाई २० हजार रुपैयाँ सहयोग गरिएको छ । कार्यक्रममा बोल्दै मोदी गाउँपालिकाकी अध्यक्ष हिरादेवी शर्माले आफू र आफ्नो परिवारको लागि मात्रै काम गर्ने व्यक्तिहरू धेरै भए पनि आफ्नो खर्च कटौती गरेर समाजको लागि योगदान गर्ने व्यक्तिहरू बिरलै पाइने बताउनुभयो । गाउँपालिकाले गर्नुपर्ने जस्तै कामहरू एक्लो व्यक्तिले गरिरहेको देखेर आफूहरू पनि खुसी भएको बताउँदै उहाँले 'मिलन ग्रुप अफ नेपाल' मा आबद्ध रहेका संस्थाहरूले कृषि फार्मदेखि कृषि सहकारी सञ्चालन गरेर जीविकोपार्जनमा पुऱ्याएको योगदानमा आफूहरू पनि सहकार्य गर्न तयार रहेको उल्लेख गर्नुभयो ।

मिलन फाउण्डेशन नेपालकी कार्यवाहक अध्यक्ष देवी गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा मोदी गाउँपालिका वडा नं. ५ का वडाध्यक्ष मनबहादुर अधिकारी, वडा नं. ६ का वडाध्यक्ष दीपेन्द्रजंग लामिछाने, भूमि आयोग, पर्वतका सदस्य मनबहादुर पौडेल, नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज), गण्डकी प्रदेशका अध्यक्ष एवं मिलन फाउण्डेशन नेपालका सल्लाहकार रूद्रबहादुर श्रीस, फोनिज, गण्डकीका उपाध्यक्ष एवं गोर्खाली रेडियोकी स्टेशन म्यानेजर खिमा गुरुङ, मिलनशील दलित कृषक समूहका अध्यक्ष ताराबहादुर दर्जीलगायतले समाजसेवी दुर्गा गुरुङ "मिलन"को व्यक्तित्व र सामाजिक योगदानका बारेमा चर्चा गर्नुभएको थियो । सो अवसरमा मिलन ग्रुप अफ नेपालका महासचिव सागर पौडेल र मिलन फाउण्डेशन नेपालका सचिव अमरबहादुर अधिकारीले कार्यक्रमको बारेमा बोल्नुभएको थियो ।

# वाफबाट खाना पकाउने प्रविधि प्रभावकारी

**पोखरापत्र संवाददाता**
म्याग्दी, ४ मंसिर

मुस्ताङको थासाङ गाउँपालिका-१ टुकुचेमा रहेको नालन्दा वौद्ध विद्यालयले वाफबाट खाना पकाउने (स्टिम) प्रविधिको प्रयोग गरेको छ । विद्यालयको छात्रावासमा प्रयोग गरिएको स्टिम प्रविधि ग्यासको तुलनामा सस्तो, छिटो र दाउराको खपत घटाउन प्रभावकारी बनेको हो ।



विद्यालयका प्रधानाध्यापक अवन तुलाचनले खाना पकाउने यस्तो प्रविधि नेपालमा यहाँ र काठमाडौँको थानकोटमा मात्र प्रयोगमा रहेको जानकारी दिनुभयो । "दक्षिण भारतबाट भित्र्याइएको यो प्रविधिबाट एकै पटकमा पाँच वटा भाडामा तीन सय विद्यार्थी, शिक्षक र कर्मचारीलाई खाना पकाउने गरेका छौँ," उहाँले भन्नुभयो, "पन्ध्र-बीस मिनेटमै सबैलाई पुग्ने खाना तयार हुन्छ । यसमा खाजा तथा चिया पकाउन पनि सजिलो छ ।"

फलामको पाइप लाइनबाट आगोको भट्टिमाथि राखिएको ६० लिटर क्षमताको फलामकै घ्याम्पोमा आउने पानी तताएपछि उत्पन्न हुने वाफलाई अर्को कोठामा रहेका भाडामा पुऱ्याउने संरचना जडान भएको तुलाचनले बताउनुभयो । उहाँले ३०/३० लिटर क्षमताका भाडा माझ्न र सफा गर्न मिल्ने गरी स्थायी किसिमले राखिएको बताउनुभयो । भट्टिबाट फलामको पाइपलाइनमा आपूर्ति गरिने तातो वाफले भाडा तात्ने र भित्र राखिएको दाल, चामल, तरकारी पाक्ने गरेको प्रअ तुलाचनले जानकारी दिनुभयो । उहाँका अनुसार आवश्यक परेको भाडामा अनुकूल समयमा वाफ आपूर्ति गराउने र पकाउन सकिन्छ । "आगोको चुलोमा पकाउँदा एक घण्टा भन्दा धेरै समय लाग्ने गर्दछ । ग्यासमा पकाउँदा खर्च धेरै लाग्ने गर्छ", तुलाचनले भन्नुभयो, "रू १२ देखि १३ लाखको लागतमा वाफबाट खाना पकाउने प्रविधि जडान गर्न सकिन्छ । यसबाट दाउराको खपत घट्नुका साथै समयको बचत भएको छ ।"

पद्मसम्भव च्यारिटी फाउण्डेशनले सञ्चालन गरेको विद्यालयको छात्रावासमा तीन सय विद्यार्थी, शिक्षक, कर्मचारीलाई खाने बस्नेसहित आवास सुविधाको व्यवस्था मिलाइएको छ । कक्षा १ देखि १० सम्म निःशुल्क आवासीय सुविधासहित अध्यापन गराइने विद्यालयमा हाल नेपाल र भारतका गरी दुई सय १५ विद्यार्थी रहेका विद्यालयका प्रधानाध्यापक तुलाचनले जानकारी दिनुभयो । उहाँका अनुसार विद्यालय जाने उमेरका कमजोर आर्थिक पृष्ठभूमि भएका विद्यार्थीलाई लक्षित गरेर विसं २०६७ मा स्थापना भएको उक्त विद्यालयमा अध्ययनरत विद्यार्थीले दुई वर्षअघिदेखि मात्रै माध्यमिक शिक्षा परीक्षा (एसइई) मा सहभागिता जनाउन थालेका हुन् । "नेपाल सरकारद्वारा लागू भएको औपचारिक पाठ्यक्रमका साथै नेपाली, अंग्रेजी र तिब्बती पाठ्यपुस्तकको माध्यमबाट औपचारिक वौद्ध शिक्षा पनि प्रदान गरेका छौँ", प्रअ तुलाचनले भन्नुभयो, "यहाँका विद्यार्थीलाई निःशुल्क शिक्षा, आवास, भोजन, पोसाक लगायतको सुविधा प्रदान गरेका छौँ । पछिल्लो दुई वर्षमा एसइई परीक्षाको औसतमा नतिजा सन्तोषजनक नै छ ।"

हाल छात्र मात्र रहेको विद्यालयमा समुदायको मागअनुसार आगामी शैक्षिक सत्रदेखि छात्रालाई पनि पठनपाठनको व्यवस्था मिलाउन लागिएको प्रअ तुलाचनले जानकारी दिनुभयो । उहाँका अनुसार पहिलो वर्ष ३० जना छात्रालाई भर्ना गर्ने योजना रहेको छ ।

# जाजरकोट भूकम्प प्रभावितलाई एक लाख सहयोग

**पोखरापत्र संवाददाता**
दमौली, ४ मंसिर

जाजरकोट भूकम्प प्रभावितका लागि तनहुँको भानु नगरपालिकाले आर्थिक सहयोग गरेको छ । नगरपालिकाले जाजरकोट भूकम्प प्रभावितका लागि रु एक लाख पाँच हजार आर्थिक सहयोग गरेको हो ।

उक्त रकम भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठीले जाजरकोट पुगेर प्रमुख जिल्ला अधिकारीलाई हस्तान्तरण गर्नुभएको छ । भूकम्पबाट पीडित बनेकाको राहत र उद्धारका लागि नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट थोरै भए पनि सहयोग गरिएको त्रिपाठीले बताउनुभयो ।

भानु नगरपालिकाका प्रमुख त्रिपाठीको नेतृत्वमा वडाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत लगायतको टोली जाजरकोट पुगेको थियो । त्यसक्रममा उहाँहरुले भूकम्पमा परी मृत्यु हुनुभएका नलगाड नगरपालिकाका उपप्रमुख सरिता सिंहको परिवारप्रति समवेदना व्यक्त गर्नुभएको थियो । यसअघि जिल्लाकै देवघाट गाउँपालिका र व्यास नगरपालिकाले भूकम्प पीडितका लागि रु पाँच/पाँच लाख सहयोग गर्ने निर्णय गरेको थियो । देउसीभैलोको रकम भूकम्पपीडितलाई

व्यास नगरपालिका-४ वीरता टोल विकास संस्थाले देउसीभैलो खेलेर सङ्कलन गरेको रकम भूकम्पपीडितलाई सहयोग गरेको छ । तिहारमा देउसी खेलेर सङ्कलित रु १० हजार ५५ संस्थाले जाजरकोट भूकम्पपीडितका लागि सहयोग गरेको हो । भूकम्प प्रभावित जनसमुदायको पीडामा मलमपट्टी लगाउने उद्देश्यले संस्थाले थोरै भए पनि सहयोग गरेको अध्यक्ष सरोज बस्नेतले जानकारी दिनुभयो । दैवीप्रकोप उद्धार कोषमा जम्मा गरिएको उक्त रकमको भौचर आज प्रमुख जिल्ला अधिकारी छविलाल रिजाललाई हस्तान्तरण गरिएको छ ।

टोल विकास संस्थाले देउसीभैलो खेलेर सङ्कलन गरेको रकम सामाजिक काममा सहयोग गर्नु सकारात्मक रहेको संस्थाका सल्लाहकार श्रीराम कार्कीले बताउनुभयो ।


## नेपाल रेडक्रस सोसाइटी, कास्की
## सृजनाचोक पोखरा

## प्रादेशिक रक्तसंचार सेवा केन्द्रका लागि आवश्यक सामाग्री खरिद सम्वन्धी वोलपत्र स्वीकृति गर्ने आशयको सूचना ।

**नेपाल रेडक्रस सोसाइटी, कास्की जिल्ला शाखा अर्न्तगत प्रादेशिक रक्तसंचार सेवालाई आवश्यक परेका तपशिल वमोजिका सामाग्रीहरु खरिदको लागि मिति २०८० आश्विन १५ गते प्रकाशित वोलपत्र नं. ०३/०८०/०८१, १६ गते प्रकाशित वोलपत्र नं. ०४/०८०/०८१ र २०८० आश्विन १६ गत पुनः प्रकाशित वोलपत्र नं. ०२/०८०/०८१ का वोलपत्रहरु समाधान राष्ट्रिय दैनिक पत्रिकामा प्रकासित सूचना बमोजिम म्याद भित्र पेश भएका बोलपत्रहरुको सम्पूर्ण पक्ष (बोलपत्रको पूर्णता, प्राबिधिक पक्ष तथा आर्थीक पक्ष) को मूल्याङ्कन र सामाग्रीको नमुना जाँच गरी सारभुतरुपमा प्रभावग्राही देखिएकोले तपशिल फर्मको वोलपत्र स्विकृत गर्ने आशयको सूचना सम्वन्धित सवैको जानकारीका लागि प्रकाशित गरिएको छ । यस विषयमा कुनै प्रतिकृया भए सूचना प्रकाशित भएका मितिले ७ दिन भित्र कार्यालयमा उपस्थित भई लिखित प्रतिकृया दिनुहुन सूचित गरिन्छ ।**

**तपशिल**

| क्र.स | वोलपत्रका क्रममा माग भएका समाग्रीहरु | फर्म नाम र ठेगाना |
|---|---|---|
| १ | कोल्ड रुम | डाइग्नोष्टिक, काठमाडौं, काठमाडौं । |
| | रेफ्रीजेनेरेटर | |
| | डिप फ्रीज | |
| २ | वल्डब्याग, र्‍यापिड टेष्टकिट र एन्टी एविडि | |
| ३ | जेलकार्ड रियजेन्ट (आइसिटी, डिसिटी, एन्टी डी एन्टीवडी र क्रसम्याच) | |
| ४ | अन्य ल्याव समाग्रीहरु | |